"जलश्रोत, पर्यटन र जडिबुटीले समुन्नत विगु गाउँपालिका"

# विगु गाउँपालिका

**Bigu Rural Municipality**

## गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Executive**

लादुक, दोलखा
Laduk, Dolakha
वागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या/Ref. No:- २०८१/०८२

चलानि नं./Dispatch No:

मिति/Date:- २०८१।०६।०२

**सडक सरसफाई तथा मर्मतको लागि डोजर भाडामा लिने सम्बन्धी सूचना ।**

दोस्रो पटक सूचना प्रकाशन मितिः२०८१/०६/०२

यस गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुका मुख्य सडकहरुमा वर्षाको कारण पहिरो गई माटो, ढुंगा तथा डेव्रिजहरु थुप्री सडक अवरोध हुने अवस्थामा सो हटाई नजिकिँदो नेपालीहरुको महान पर्व वडा दशै, शुभ दिपावलीलाई समेत लक्षित गरी सहज रुपमा सवारी आवगमनका लागी सडक सफा गर्ने, सडकमा भएका खाल्टाखुल्टी पुर्ने, सम्याउने तथा सडकको चौडाइ नपुगी ब्याक कटिङ्ग गर्नुपर्ने अवस्थामा मिडिएम रक सम्मको व्याक कटिङ्ग गरी गर्नुपर्ने कार्यका लागि डोजर (व्याक्हो लोडर) भाडामा लिनुपर्ने भएकोले इच्छुक फर्म वा निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक तपशिलका कागजातहरु संलग्न गरी खामवन्दी दररेट पेश गर्नुहुन मिति २०८०।०५।२४ गते सूचना प्रकाशन गरिएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम ९(क) बमोजिम न्युनतम ३ वटा दरभाउपत्र पेश हुनु पर्नेमा १ वटा मात्र पेश भएको हुँदा पुन ३ दिने यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

(१) दोस्रो पटक सूचना प्रकाशन भएको मितिले ३ (तिन) दिन भित्र वा मिति २०८१।०६।०४ गते कार्यालय समय भित्र सम्वन्धित फर्म वा व्यवसायीले आफ्नो कागजातको प्रमाणीत प्रतिलिपी संलग्न राखी यस कार्यालयबाट फिर्ता नहुने गरी नेपाल ईन्भेष्टमेण्ट लि. सिँगटी शाखामा रहेको विगु गाउँपालिकाको आन्तरीक राजस्व खाता नं. ०६७०१४००२५०००९ मा रु १०००/- (एक हजार) गरी खामबन्दी दररेट पेश गर्न सकिनेछ ।

(२) ईच्छुक फर्म वा सवारी धनीले उक्त खामवन्धदी दररेट मिति २०८१।०६।०४ गते दिउसो २:०० बजे भित्र गाउँपालिकामा दर्ता गरिसक्नु पर्नेछ । उक्त खामवन्दी दररेट फारम सोही दिन दिउसो ३:०० वजे गाउँ कार्यपालिकको कार्यालय, विगुमा खोलिनेछ । खामबन्दी दररेट पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

(३) दररेट उल्लेख गर्दा भाडा दर प्रति दिन भ्याट (VAT) वाहे उल्लेख गर्नुपर्नेछ । गाडीको ईन्धन, मर्मत खर्च, सुरक्षा, चालक र सहयोगी खर्च समेत स्वयं गाडीधनीले व्यहोर्नुपर्नेछ । दररेट उल्लेख गर्दा सिंगल र डबल क्याब गाडीको छुट्टाछुट्टै दर अनिवार्य रुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्नेछ । अंक प्रष्ट नभएमा अक्षरमा खुलाईएको दररेटलाई मान्यता दिईने छ ।

(४) कार्यालयले भाडामा लिएको गाडी भाडा प्रयोग भएको स्थान र प्रयोजन सम्बन्धित कर्मचारीबाट प्रास भएपश्चात सोको आधारमा भुक्तानी गर्नेछ र कारोवारमा हुने करको दायित्व सम्बन्धित फर्म वा व्यवसायीको हुनेछ ।

छोङ्दाङ तामाङ
प्रमुख प्रशासकीय अधिकृत

फोन नं: ०४९-४१०१०९ ईमेल: info@bigumun.gov.np, bigumun@gmail.com वेभ साइट: www.bigumun.gov.np

CamScanner

(५) व्यकुलोडर भाडामा उपलब्ध गराउँदा व्याकुलोडरको क्षमता अनिवार्य रुपमा उल्लेख गरेको हुनुपर्नेछ । चालु अवस्थामा रहेको गाडी हुनुपर्नेछ ।

(६) कार्यालयले भाडामा लिएको गाडीले कार्यालयको निर्देशन अनुसार तोकिएको कार्य गर्नुपर्नेछ ।

(७) कार्यालयले तोकेको समय र स्थानमा यथाशिघ्र गाडी उपलब्ध गराई तोकिएको कार्य गर्नुपर्नेछ ।

(८) एक पटक पेश भएको खामबन्दी दररेट फिर्ता वा संशोधन गर्न सकिने छैन ।

(९) खामबन्दी दररेट स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

(१०) माथि उल्लेख भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित नेपाल कानून वमोजिम हुनेछ ।

पेश गर्नुपर्ने कागजातहरु:

- फर्म दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- चालकको नागरिकता प्रमाणपत्र र चालक अनुमतिपत्रको प्रतिलिपी,
- गाडी नवीकरण भएको विल वुक र तेस्रो पक्ष वीमाको प्रमाणीत कागजातहरुको प्रतिलिपि,
- रु १०००/- (अक्षरमा एक हजार मात्र) तिरेको राजश्व भौचरको सक्कल प्रति ।

२०८१/०६/०२

छोईसाङ तामाङ
प्रमुख प्रशासकीय अधिकृत

छोईसाङ तामाङ
प्रमुख प्रशासकीय अधिकृत



CamScanner